# विदुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## विदुर,नुवाकोट, प्रदेश नं ३, नेपाल

## **E-Bidding** मार्फत **सवारी साधन तथा उपकरण खरिदको लागि शिलवन्दी बोलपत्र आव्हानको सूचना**
## प्रथम पटक प्रकाशित मितिः २०७४/१०/२३

यस कार्यालयका लागि आ.व. २०७४/०७५ मा आवश्यक पर्ने तपशिलमा उल्लेख भए बमोजिमको उपकरण तथा मोटरसाईकलहरु **E-Bidding** मार्फत शिलबन्दी बोलपत्रद्वारा खरिद गर्नुपर्ने भएकोले ईजाजत प्राप्त इच्छुक फर्म, कम्पनी वा संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु:

१) यो सुचना प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समयभित्र वोलपत्र फाराम **PPMO** को **www.bolpatra.gov.np/egp** बाट **Download** गरि प्राप्त गर्न सकिनेछ ।

(२) सूचना प्रकाशित भएको मितिले ३१ औ दिनको १२.०० वजेभित्र वोलपत्र फारमसाथ वोलपत्रदाताले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनि दर्ताको प्रमाणित पमाणपत्र, मूल्य अभिवृद्धि करमा कर दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्वर (**PAN**) दर्ताको प्रमाणित प्रमाणपत्र, आ.व. २०७३/०७४ को कर चुक्ता प्रमाण पत्र, उत्पादन कम्पनिको नेपालमा रहेको आधिकारिक एजेन्ट (**Importer**) को हकमा उत्पादक कम्पनिवाट यस कार्यालयको नाममा सम्वोधन गरिएको **Manufactuturer's Authorization Letter** को प्रमाणित प्रतिलिपि तथा अन्यको हकमा नेपालमा रहेको आधिकारिक एजेन्ट ( **Importer**) बाट स्थानीय एजेन्टलाई यस कार्यालयमा वोलपत्र खरिद तथा दाखिला गर्न अधिकार प्रत्यायोजन गरिएको पत्र, **Bid Submission Form**, वोलपत्र दस्तुर वापतको रकम यस कार्यालयमा जम्मा गरिएको राजश्व नगदि रसिद वा यस कार्यालयको नाममा नेपाल वैक लिमिटेड त्रिशुली शाखामा रहेको खाता नं. ०२६०३००००००००४००१०६७ मा भौचर (रकम फिर्ता नहुने गरी) एंव जमानत वापतको रकम यस कार्यालयको सोहि वैकको धरौटी खाता नं. ०२६०३०००००००००३०००००८ मा रकम जम्मा गरको भौचर वा नेपाल राष्ट्र बैंकवाट स्वीकृत प्राप्त 'क' वर्गको वाणिज्य बैंकवाट यस कार्यालयको नाममा जारी गरिएको १२० दिने म्याद भएको जमानि पत्र ( विडवण्ड) हरु सहितका कागजातहरु **Scanning** गरि तोकिएको **Format** मा वोलपत्र साथ **Upload** गर्नुपर्ने छ । यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मात्र मान्यता दिइने छ ।

(३) वोलपत्र दाताले वोलपत्र दाखिला गर्दा वोलपत्र फारमको **Evaluation and Qualification Criteria** मा उल्लेख भएका कागजातहरु समेत अनिवार्य रुपमा **Upload** गर्नुपर्ने छ । उक्त कागजातहरु पेश नगर्ने वोलपत्रदाताहरुलाई मान्यता दिइने छैन ।

(४) कार्यालयले **Hard Copy** वोलपत्र फाराम उपलब्ध गराउने छैन एंव कुनै वोलपत्रदाताले **Download** गरि **Hard Copy** दाखिला गर्न आएमा त्यस्तो वोलपत्रलाई कार्यालयले स्वीकार गर्ने छैन ।

(५) बोलपत्रदाता खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा कुनै सजाय नपाएको भनी लिखित घोषणा गरेको कागजात शिलबन्दी बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

(६) **E-Bidding** मार्फत वोलपत्र दाखिला गरेका वोलपत्रदाताहरुले वोलपत्र दाखिला गर्ने अन्तिम दिनदेखि ७ (सात) दिनभित्र अनिवार्य रुपमा सक्कल कागजातहरु कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ ।

(७) दर्ता हुन आएका वोलपत्र फारमहरु दर्ता गर्ने अन्तिम मितिमा दिनको २.०० वजे यस कार्यालयमा वोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ तर निजहरुको अनुपस्थितिमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन । वोलपत्र फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोहि समयमा हुने छ ।

(८) प्राप्त वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएका वोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

(९) वोलपत्र सम्वन्धी अन्य शर्तहरु वोलपत्र फारममा उल्लेख गरे वमोजिम हुनेछन ।

(१०) शिलबन्दी बोलपत्र सम्वन्धी सम्पूर्ण कुराहरु यसमा लेखिए बमोजिम र यसमा उल्लेख नभएका हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ तथा नेपाल सरकारको प्रचलित अन्य ऐन, नियमहरु बमोजिम हुनेछ ।

(११) यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस नगर कार्यपालिकाको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

| ठेक्का नं. | सामानको विवरण | आवश्यक संख्या | बोलपत्र फारम दस्तुर | जमानत रकम रु |
|---|---|---|---|---|
| १ | Hydraulic Excavator with Breaker & other are as per approved technical specification | थान १ (एक) | रु ३०००। | ४,२०,०००।- |
| २ | Tripper with full body & other are as per approved technical specification | थान २ (दुई) | रु ३०००। | २,२२,०००।- |
| ३ | Motorbike & other are as per approved technical specification | थान ९ (नौं) | रु ३०००। | ७१,२७९।- |

प्रमुख प्रशासकीय अधिकृत